Chaturbhujeshwar Academic Journal
Volume 03, Issue 01, 2025. pp. 151–162
Research Article
DOI: https://doi.org/10.3126/caj.v3i1.86877

# ‘उलार’ उपन्यासको शीर्षकीकरण र पात्रीय नामकरणमा ध्वनि एवम् ध्वनिप्रकारको निरूपण

**कमलप्रसाद जोशी**
चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पस

**लेखसार**

प्रस्तुत उलार उपन्यासको शीर्षकीकरण र पात्रीय नामकरणमा ध्वनि एवम् ध्वनिप्रकारको निरूपण शीर्षक लेख ध्वनि सिद्धान्तका मान्यतामा केन्द्रित भई तयार पारिएको छ। ध्वनि संस्कृत काव्य शास्त्रको महत्त्वपूर्ण सिद्धान्त हो। आनन्दवर्धन यसका संस्थापका आचार्य हुन् भने अभिनव गुप्त, मम्मट, विश्वनाथ एवम् आचार्य जगन्नाथहरू पछिल्ला व्याख्याता एवम् यसलाई अझ प्रतिष्ठा दिने आचार्य हुन्। ध्वनिलाई व्याख्या गर्ने क्रममा आचार्यहरूले अनेक भेद उपभेद र प्रभेद देखाएर ध्वनिको सूक्ष्म विश्लेषण गरेपनि मूलतः अभिधामूला, लक्षणामूला गरी दुई प्रकारकामा ध्वनिको वर्गीकरण गरेका छन्। अभिधामूला ध्वनि अन्तर्गत संलक्ष्यक्रम र असंलक्ष्यक्रम र लक्षणामूला अन्तर्गत अत्यन्त तिरस्कृत र अर्थान्तर सङ्क्रमित गरी ध्वनिको भेद गरेका छन्। प्रत्यक्ष अर्थ, वाच्यार्थ होइन्, सूक्ष्म र गहिरो रूपमा रहेको व्यङ्ग्य अर्थ नै ध्वनि हो। ध्वनिसम्बन्धी मान्यताका आधारमा प्रस्तुत अध्ययन गरिएकाले यहाँ निगमनात्मक ढाँचा तथा गुणात्मक शोधको अवलम्बन गरी पाठ विश्लेषण विधिलाई उपयोगमा ल्याइएको छ। उपन्यासको शीर्षक ‘उलार’ ले वाच्यार्थभन्दामाथि उठी समग्र देशकै असन्तुलन, असामञ्जस्य, आपसी अनमेल एवम् अर्थव्यवस्थामा उत्पन्न सङ्कटलाई व्यञ्जनात्मक रूपमा अभिव्यक्ति दिएको कारण यो ध्वन्यार्थक भएको तथ्य सिद्ध गरिएको छ र यस्तो किसिमको ध्वनि अभिधामूला ध्वनि अन्तर्गत संलक्ष्यक्रम अर्थात् वस्तु ध्वनि हो भनी निरूपण गरिएको छ। उपन्यासको पात्रीय नामकरण पनि वाच्य अर्थबाट सोझै नअर्थिई लाक्षणिक तथा प्रतीयमान भएको हुँदा पात्रीय ढाँचा ध्वन्यार्थक छ भन्ने सिद्ध गरिएको छ, यस्तो किसिमको ध्वन्यार्थ लक्षणामूला अन्तर्गत अत्यन्त तिरस्कृतवाच्यध्वनि र अर्थान्तर सङ्क्रमितवाच्यध्वनि तथा अभिधामूला अन्तर्गत संलक्ष्यक्रम वस्तुध्वनि हो भनी निरूपण गरिएको छ। यसरी उलार उपन्यासको शीर्षकीकरण र पात्रीय नामकारणमा ध्वन्यार्थलाई केलाई त्यसको प्रकार पनि निरूपण गरी ध्वनि सिद्धान्तका दृष्टिले यो उपन्यास सशक्त रहेको छ भन्ने निष्कर्ष निकालिएको छ।

*मुख्य शब्दावली* : लक्षणामूला, अत्यन्ततिरस्कृतवाच्य, अर्थान्तरसङ्क्रमितवाच्य, अभिधामूला ध्वनि, संलक्ष्यक्रम, व्यञ्जना

***Email***
kamalpdjoshi1983@gmail.com

***Article History***
Received: 2025, Sept. 10
Accepted: 2025, Nov. 15

***Cite***
Joshi, K. P. (2024). “‘उलार’ उपन्यासको शीर्षकीकरण र पात्रीय नामकरणमा ध्वनि एवम् ध्वनिप्रकारको निरूपण. *Chaturbhujeshwar Academic Journal* (*CAJ*), *3*(1), 151–162. https://doi.org/10.3126/caj.v3i1.86877

## विषय परिचय

नयन राज पाण्डेको उलार (२०५५) उपन्यासमा समकालीन यथार्थको चित्रण पाइन्छ। खासगरी यसमा २०४६ पछि विकसित राजनीति एवम् अर्थव्यवस्थाको सन्दर्भलाई सापेक्षमा राख्दै सीमान्त जनताको कथालाई प्रस्तुत गरिएको छ। ‘उलार’ असन्तुलन, असामञ्जस्य, तालमेल नभएको स्थितिको द्योतक हो। टाँगामा हुने उलारलाई देशकै असन्तुलनको बिम्बका रूपमा लिई अर्थप्रक्षेपण गरिएकाले उपन्यास शीर्षकीय तहबाटै ध्वन्यार्थक छ। त्यस्तै पात्रहरू राजेन्द्रराज, शान्तिराजा जस्ता राजनीतिकर्मी, विष्णु असइजस्ता पुलिस अधिकारी, निराकार प्रसादजस्ता लेखक र कलुवा, द्रौपदी, सावित्रीजस्ता सीमान्तीय पात्रको नामकरणको सन्दर्भलाई हेर्दा नाम अनुसारको काम अर्थात् काम र नामकाबीच अनमेल देखिनाले उपन्यासको पात्रीय ढाँचा लाक्षणिक एवम् व्यङ्ग्यात्मक हुँदै ध्वन्यात्मक बनेको छ। उपन्यासको यस्तो


Copyright © 2025: Chaturbhujeshwar Janata Multiple Campus, Harion, Sarlahi, Nepal

किसिमको गूढार्थ, प्रतीयममान अर्थ अर्थात् ध्वन्यार्थको अध्ययन हुनु नसक्नु शोध अन्तराल हो। अतः प्रस्तुत अध्ययन ध्वनि सिद्धान्तका दृष्टिले औचित्यपूर्ण भएको पुष्टि हुन्छ। ध्वनि सम्बन्धी प्रायोगिक ज्ञान लिन चाहने शोधकर्ता तथा सामान्य पाठककालागि यो उपयोगी हुने अपेक्षा छ।

## अध्ययनको उद्देश्य

प्रस्तुत लेख 'उलार' उपन्यासको शीर्षकीकरण र पात्रीय नामकरणमा के कस्तो किसिमको ध्वनि छ एवम् ध्वनि प्रकार कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्यमा केन्द्रित छ।

## अध्ययन विधि

प्रस्तुत लेखमा गुणात्मक शोधविधिको अवलम्बन गरिएको छ। संस्कृत काव्यशास्त्रीय ध्वनि सिद्धान्तकाका आधारमा विश्लेष्य कृति 'उलार'लाई लिई यसको शीर्षकीकरण र पात्रीयनामकरणमा ध्वनि एवम् ध्वनिप्रकारको निरूपण गरिएकाले निगमनात्मक ढाँचा अपनाइएको छ। कृतिको सूक्ष्म पठन गरी पाठका तथ्यहरूलाई व्याख्या विश्लेष्ण गरिएकाले पाठ विश्लेषण विधिको प्रयोग गरिएको छ। सामग्री सङ्कलन पुस्तकालय कार्यबाट गरिएको हो। प्राथमिक सामग्रीका रूपमा विश्लेष्य कृति उलार रहेको छ। ध्वनिसम्बन्धी भएका सैद्धान्तिक कार्यहरूलाई द्वितीय सामग्रीको रूपमा लिइएको छ।

## सैद्धान्तिक आधार

### ध्वनि सिद्धान्तको स्थापना र परम्परा

ध्वनि सिद्धान्त पूर्वीय काव्य चिन्तन परम्परामा महत्त्वपूर्ण एवम् चर्चित सिद्धान्त हो। यो सिद्धान्त संस्कृत काव्यशास्त्रको चिन्तन परम्परामा रस, अलङ्कार, रीति गुण जस्ता सिद्धान्तको स्थापना भइसकेपछि ईशाको नवौं शताब्दीमा प्रादुर्भाव भएको मानिन्छ। यस सिद्धान्तका प्रवर्तक आचार्य आनन्दवर्धन हुन्। उनको ध्वनिसिद्धान्त सम्बन्धी लक्षणग्रन्थ ध्वन्यालोक हो।

ध्वनि सिद्धान्त स्थापनाका हिसाबले रसवाद अलङ्कारवाद र रीतिवाद भन्दा कान्छो भए पनि पूर्व आचार्यहरूले यसलाई कुनै न कुनै रूपमा उल्लेख गरको कुरा मननीय छ। रसवादका प्रवर्तक आचार्य भरतले रसादिको तात्पर्यमा ध्वनिकै प्रतिपादन गरेको कुरा स्वयम् आनन्दवर्धनले भनेका छन् (पौडेल, २०५७, पृ.१४४)। यस्तै किसिमको दाबी आचार्य जगन्नाथको पनि छ। उनी के भन्छन् भने ध्वनि शब्दको उच्चारण नगरे पनि भामह, उद्‌भट आदि आचार्यहरूले समासोक्ति, व्याजस्तुति र अप्रस्तुत प्रशंसा अलङ्कारहरूको निरूपण गरेर प्रकारान्तरले ध्वनिकै निरूपण गरेका हुन् (उपाध्याय, २०६१, पृ.१६१)। उल्लेखित भनाइहरू ध्वनिको प्राचीनता सिद्ध गर्न आएका हुन्। खासमा काव्यिक रचनामा परापूर्व कालदेखि नै रहेको ध्वनिलाई व्यवविस्थत किसिमले अध्ययन चिन्तन र विश्लेषण गरी संस्कृत काव्यशास्त्रको एक महत्त्वपूर्ण सिद्धान्तको रूपमा यसलाई स्थापित गर्ने, प्रतिष्ठा दिने र प्रबर्द्धनगर्ने आचार्य आनन्दवर्धन नै हुन् । उनले आफ्नो ग्रन्थ ध्वन्यालोकको सुरुमै ध्वनि विरोधी मतहरू मूलतः अभाववादी, अन्तर्भाववादी, लक्षणावादी र अनिर्वचनीयवादीहरूको खण्डन गरेर ध्वनि सिद्धान्तलाई स्थापना गरेका हुन्।

आनन्दवर्धनपछि अभिनव गुप्तले ध्वन्यालोक लोचन नामक टीका ग्रन्थ लेखेर ध्वनि सिद्धान्तलाई अगाडि बढाएका छन्। अभिनव गुप्तपछि आचार्य मम्मटले आफ्नो काव्य प्रकाश नामक ग्रन्थमा ध्वनि विरोधी मतहरूको सशक्त रूपल खण्डन गर्दै यसलाई काव्यमा महत्त्वपूर्ण स्थान दिलाएकाले उनी 'ध्वनि प्रस्थापनपरमाचार्य' का रूपमा चिनिएका छन्। आचार्य विश्वनाथ र पण्डित राज जगन्नाथले पनि क्रमशः साहित्य प्रकाश र रस गङ्गाधर ग्रन्थमा ध्वनिको महिमा देखाई यस सिद्धान्तलाई अगाडि बढाएका छन्।

### ध्वनि सम्बन्धी विभिन्न विद्वानका परिभाषा

ध्वनि के हो भन्नेबारेमा प्रस्ट हुनकालागि विभिन्न विद्वानले प्रकट गरेका भनाइलाई यहाँ राखिएको छ। 'उलार' उपन्यासले कसरी ध्वनिसौन्दर्य उत्पन्न गरेको छ त्यसको निरूपणकालागि यी परिभाषाबाट आधार लिइएको छ।

- काव्य वा साहित्यमा वाच्यार्थ गौण भएर व्यङ्ग्य अर्थ प्रकट हुनु ध्वनि हो (ध्वन्यालोक, १.१३)।
- अभिनव गुप्तका अनुसार वस्तु, रस, अलङ्कार ध्वनित हुने काव्य ध्वनि हो (शर्मा र लुइटेल, २०६१, पृ.८७)।
- वाच्यार्थभन्दा व्यङ्ग्यार्थ चमत्कार भएको काव्य उत्तम काव्य हो यसलाई नै विद्वान ध्वनि भन्दछन् (काव्यप्रकाश, १.४)।

- शब्द र अर्थ गौण भई चमत्कार अर्थको अभिव्यक्ति दिने व्यञ्जना वृत्तिद्वारा बुझिने काव्य नै उत्तमोत्तम काव्य हो। यस्तो काव्य नै ध्वनि काव्य हो (रसगङ्गाधर १.२)।
- वाच्यार्थभन्दा व्यङ्ग्यार्थले चमत्कार गर्नु ध्वनि हो (साहित्य दर्पण, ४.१)।
- वास्तविक साहित्य व्यङ्ग्य साहित्य हो यसैलाई ध्वनि भनिन्छ (अधिकारी, २०३१, पृ.९३)।
- "ध्वनिवादका तात्पर्यमा ध्वनिको अर्थ त्यस्तो व्यङ्ग्यार्थ हो, जसमा वस्तु, रस, रसाभास, भाव, भावाभास तथा अलङ्कारमध्ये कुनै न कुनै पक्षको अभिव्यक्ति भएको हुन्छ (उपाध्याय, २०६१, पृ. १६७)।"
- ध्वनि भनेको वाच्य र लक्ष्यार्थभन्दा भिन्न र विशिष्ट किसिमको प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थ हो। यो काव्यमा सर्वोत्तम या आत्म तत्त्वका रूपमा रहेको हुन्छ। यो शब्द र अर्थगत बाह्‍य सौन्दर्यभन्दा भिन्न भए पनि तिनै शब्द र अर्थबाट अभिव्यञ्जित लावण्यमय अर्थ हो (पौडेल, २०५७, पृ.१५०)।
- सामान्य अर्थमा ध्वनि भन्नाले कानले सुन्न सकिने शब्द वा आवाजलाई बुझाउँछ तर काव्यशास्त्रमा वाच्यार्थ र लक्ष्यार्थलाई छाडेर व्यङ्ग्यार्थ बुझाउनु ध्वन्यार्थ हो (गौतम, २०७४, पृ.११८)।

साहित्य शास्त्रमा ध्वनिले विशिष्ट अर्थ जनाउँछ । उच्च बौद्धिक सहृदयी पाठकलाई गहिरो प्रभाव दिन सक्ने साहित्यिक क्षमता ध्वनि हो। शब्दका माध्यमले, शब्दार्थका माध्यमले वा शब्द र अर्थ दुवैको माध्यमले अथवा वस्तु, रस, अलङ्कारका माध्यमले पाठकलाई जुन आनन्दको अनुभूति हुन्छ त्यसलाई ध्वनि भनिन्छ। यो अप्रत्यक्ष रूपमा कृतिमा सूक्ष्म तरिकाले रहेने भएकाले उच्च बौद्धिक तथा सहृदयी पाठक, समालोचकले यसको उत्खनन गरी निरूपण गर्दछन्।

**वाच्यार्थ र लक्ष्यार्थभन्दा ध्वन्यार्थ फरक**

ध्वनिलाई प्रतीयमान अर्थ, अभिव्यङ्ग्यमान अर्थ, गम्यमान, अर्थ, अनुभूयमान अर्थ, भासमान अर्थ, प्रकाशमान अर्थ जस्ता तात्पर्यमा ध्वनिवादी आचार्यले अर्थ्याइएको पाइन्छ। यो वाच्यार्थभन्दा कसरी भिन्न हुन्छ भन्ने कुरा तल स्पष्ट पारिएको छ।

आनन्दवर्द्धन ध्वनिलाई चिनाउँदै के भन्छन् भने सुललित शब्दार्थ भएको काव्यरूपी शरीरमा आत्मा स्वरूपमा रहेको सहृदयीहरूको हृदयलाई मोहित तुल्याउने प्रतीयमान अर्थ नै ध्वनि हो ध्वन्यालोक, १.२)। प्रतीयमान अर्थलाई स्पष्ट पार्दै उनी फेरि भन्छन् : सर्वाङ्ग सुन्दरीका शरीरमा विभिन्न अवयवहरूको सौन्दर्यभन्दा छुट्टै किसिमको लावण्य प्रतीत भएझैं त्यसैगरी महाकविहरूका रचनामा शब्द र अर्थकभन्दा भिन्न प्रतीय मान अर्थ झल्किन्छ (ध्वन्यालोक, १.४)। उनका अनुसार प्रतीयमान अर्थ वाच्यार्थ भन्दा निकै आकर्षक र चमत्कारपूर्ण हुन्छ। यस्तो अर्थ प्राप्तिका लागि वाच्यार्थ साधन मात्र बनेको हुन्छ। प्रकाशका लागि बत्ती साधन बनेझैं (ध्वन्यालोक, १.९)। त्यसैले वाच्यार्थ र व्यङ्ग्यार्थ/ ध्वन्यार्थ फरक फरक कुरा हुन् । यी दुई बीच बोद्धा, स्वरूप, प्रतीतिकाल, आश्रय, निमित्त कार्य, सङ्ख्या र विषयका तहमा स्पष्ट अन्तर हुन्छ (साहित्य दपर्ण ५.२)। त्यसैगरी लक्ष्यार्थभन्दा ध्वन्यार्थ कसरी फरक छ भन्ने सन्दर्भमा मम्मट भन्छन् लक्ष्यार्थमा मुख्यार्थसँग सम्बन्ध र बाधा अनि रूढि यो प्रयोजनका शर्त हुन्छन् भने व्यङ्ग्यार्थमा त्यस्तो केही हुन्न (काव्यप्रकाश, २.९)। ध्वनि व्यञ्जना शक्ति भन्दा इतर अन्य कुनै शक्तिद्वारा अभिव्यक्त हुन सक्तैन (उपाध्याय, २०६१, पृ.१९०)। यो वाच्यार्थ र लक्ष्यार्थभन्दा भिन्न छुट्टै किसिमको गूढार्थ, व्यङ्ग्यार्थ अथवा चमत्कारी अर्थ हो (श्रेष्ठ, २०५८, पृ.११९)। यस्तो ध्वन्यात्मकता सबै सर्जकबाट सिर्जना पनि हुन सक्तैन् र सबै पाठकले बोध पनि गर्न सक्तैनन्। यस सन्दर्भमा आनन्दबर्धन के भन्छन् भने विशेष प्रतिभा सम्पन्न महाविकहरूको वाणीमा मात्र यो प्रस्फुरण हुन्छ। यसको बोध पनि व्याकरण र कोशका ज्ञाताहरूलाई नभई काव्यतत्त्व मर्मज्ञ सहृदयीहरूलाई मात्र हुन्छ (ध्वन्यालोक, १.७–८)। उनले काव्यसौन्दर्यको समष्टि रूपलाई ध्वनि मानेको कुरा स्पष्ट पार्दै कट्टेल लेख्छन्, "अभिव्यक्ति समष्टिद्वारा एउटा अर्थ बुझिसकेपछि त्यसबाट पुनः एउटा विशिष्ट अर्थ, भाव या आशय जुन अव्यक्त भएर पनि व्यक्त हुन्छ वा ध्वनित हुन्छ त्यसलाई व्यङ्ग्यार्थ वा ध्वनि भनिन्छ (कट्टेल, २०७८, पृ.७३)"। आनन्दबर्द्धनले काव्यको रस, अलङ्कार, गुण आदिलाई

काव्यको अर्थ मानेका छन्। ध्वनि मूलतः अर्थतत्त्वलाई र गौण रूपमा रूपतत्वलाई महत्त्व दिन्छ। यसमा व्यङ्ग्य व्यञ्जक भाव सम्बन्धका आधारमा नै वस्तुतत्त्व, अलङ्कारतत्त्व र रस तत्त्वको निरूपण गरिन्छ (गड्तौला, २०७७ पृ.५१–५२)। यसरी शब्दका अभिधा र लक्षणा व्यापारले विश्राम लिएपछि व्यञ्जना व्यापारबाट जुन अर्थसौन्दर्यको उत्पत्ति हुन्छ त्यही ध्वनि हो तर ध्वन्यार्थकालागि यी दुवै अभिधा र लक्षणाको मार्ग भने खुला नै रहने तथ्य भने यहाँ स्मरणीय छ।

**ध्वनिको वर्गीकरण**

ध्वनिको वर्गीकरण निकै सूक्ष्म रूपमा गरिएकाले यसका अनन्त भेद हुन सक्ने कुरा स्वयम् ध्वनिवादी आचार्यहरूले निर्देश गरेका छन् तरपनि आनन्दवर्धनले मूल रूपमा अविवक्षितवाच्य ध्वनिअन्तरगत अर्थान्तरसङ्क्रमित र अत्यन्ततिरस्कृत तथा विवक्षितान्यपरवाच्य ध्वनिअन्तरगत असंलक्ष्यक्रम एवम् संलक्ष्यक्रम ध्वनिको भेद देखाएका छन् । अभिनव गुप्तले ध्वनिको व्यावहारिक प्रयोजनका आधारमा रसध्वनि, अलङ्कार ध्वनि र वस्तुध्वनिका आधारमा ध्वनिलाई वर्गीकृत गरेका छन्। आचार्य जगन्नाथले अभिधामूला ध्वनि अन्तरगत रसध्वनि, अलङ्कारध्वनि र वस्तुध्वनिको निरूपण गरेका छन् भने लक्षणामूला ध्वनि अन्तर्गत अविवक्षितवाच्य ध्वनिका भेदलाई समेटेका छन्।

अभिधामूलक ध्वनि भन्नाले शब्दको अभिधा शक्तिमा आश्रित ध्वनिलाई बुझाउँछ । अभिधामूलक ध्वनिलाई आनन्दबर्धनले विवक्षितान्यपरवाच्य भनेका छन् । जसमा वाच्यार्थ विवक्षित (इच्छित) भएर बुझिएपछि अन्यार्थ अर्थात् व्यङ्ग्यार्थ पनि बुझिन्छ भने त्यस्तो वाच्यार्थलाई विवक्षितान्यपरवाच्य ध्वनि भनिन्छ । असंलक्ष्यक्रम एवम् संलक्ष्यक्रम गरी यसलाई दुई भागमा बाँडिएको छ । असंलक्ष्यक्रम ध्वनिलाई रसध्वनि पनि भनिन्छ । यसमा वाच्यार्थ र व्यङ्ग्यार्थको प्रतीति अघिपछि नभई सँगसँगै हुन्छ । यसरी प्रतीतिको क्रम थाहा नभई असंलक्ष्य अर्थात् अज्ञात रहन्छ। काव्यकृतिमा रसको प्रधानता भई वाच्यार्थसँगै ध्वनित हुने व्यङ्ग्यार्थ नै रसध्वनि हो। रस, भाव आदि अनेक भेदमा यो विभक्त हुने भए पनि गणना असम्भव भएकाले यसलाई एउटै हुन्छ भनिएको छ (उपाध्याय, २०६१पृ.२०१) । यसका विपरीत संलक्ष्यक्रम ध्वनिमा अभिधा अर्थको बोध भएपछि अन्य अर्थ व्यञ्जित हुने र यसको क्रम ज्ञात हुने भएकाले संलक्ष्यक्रम ध्वनि भनिएको हो । आनन्दवर्धनले यसका शब्दशक्ति उद्भव र अर्थशक्ति उदभव गरी दुई भेद मानेका छन् भने मम्मट र विश्वनाथले यसमा थप शब्दार्थशक्ति उद्भवसमेत गरी तीनवटा मानेका छन् (पौडेल, २०५७, पृ.१५३)। वस्तु ध्वनि र अलङ्कार ध्वनि पनि संलक्ष्यक्रम अन्तरगत पर्दछन् । काव्यकृतिमा विषयवस्तुको प्रधानता भई वाच्यार्थपछि मूलतः विषयवस्तु ध्वनित हुने व्यङ्ग्यार्थलाई वस्तुध्वनि भनिन्छ । यसमा वाच्यार्थको बोधपछि भावनाविशेष, देश, काल, मौका आदि साधनको सहाराले गर्दा ट्याङ्पछिको च्याङजस्तै व्यङ्ग्य अर्थान्तर बुझिन्छ (शर्मा, २०५८, पृ.१७५) । अभिधा अर्थपछिका अन्य प्रासङ्गिक अर्थ यसका उदाहरण हुन्। काव्यकृतिमा अलङ्कारको अभिव्यक्ति भएमा अलङ्कार ध्वनि हुन्छ। यसलाई (भट्टराई, २०७७, पृ.१५९)को उदाहरणबाट प्रस्ट पार्दा 'विना सामग्रीले भित्तो विना नै लोकचित्र यो, फैलाउने पशुपतिनाथालाई प्रणाम छ ' भन्ने यस कवितांशमा पशुपतिनाथको कलाकारितालाई अरुकोभन्दा बढ्ता देखाइएकाले व्यतिरेक अलङ्ार भई ध्वन्यार्थ भएको छ।

लक्षणामूला ध्वनि भनेको वाच्यार्थको विवक्षा नगर्ने ध्वनि हो । यसैले आनन्दवर्धनले यसलाई अविवाक्षितवाच्य ध्वनि भनेका हुन्। यसका पनि दुई भेद मूल अर्थबाट सङ्क्रमित भएर भिन्न अर्थ बुझाउने अर्थान्तर सङ्क्रमित र मूल अर्थलाई पूर्णतः त्याग गरेर व्यञ्जना गर्ने अत्यन्त तिरस्कृतवाच्य ध्वनि भनिन्छ। यसलाई (शर्मा २०५८, पृ. १७४)ले यसरी उदाहरणबाट प्रस्ट पारेका छन् : मणि मणि नै हो काँच काँचै हो भन्ने वाक्यमा पुनरुक्ति भएका शब्दले क्रमशः मणिमा तेजको आधिक्यता र काँचमा तेजको न्यूनताका कारण यी दुवैमा उत्कृष्टता र निकृष्टताको व्यङ्ग्य ध्वन्यार्थको सिर्जना भएको छ । त्यसैगरी सद्दे मान्छेलाई कस्तो अन्धो रहेछ भनिएमा अत्यन्त तिरस्कृत ध्वनि हुन्छ। यहाँ अन्धो शब्दले बेपरवाहीपनालाई व्यञ्जित गरेको छ (शर्मा, पृ.२०५८: १७४) । यहाँ ध्वनिवादी आचार्यले गरेका ध्वनिका सूक्ष्म भेदलाई नलिई आवश्यकता अनुसार मूलभूत भेदको मात्र चर्चा गरिएको छ। यसबाट के भन्न सकिन्छ भने अभिधामा आश्रित भएर अभिधामूला/विवक्षितान्यपरवाच्य ध्वनि र लक्षणामा आश्रित भएर लक्षणामूला/अविवाक्षितवाच्य ध्वनि नै यसका प्रमुख भेद हुन्। अभिधा शक्तिबाट एउटा अर्थ बोध भई त्यसपछि पनि अन्य बहुल अर्थको प्रवाह भइरहनु

अभिधामूला ध्वनि हो भने अभिधाको अर्थ आंशिक वा पूर्ण रूपमा बाधित भई त्यसभन्दा भिन्न नवीन अर्थको सिर्जना हुनु लक्षणामूला ध्वनि हो । ध्वनि सम्बन्धी यिनै मूलभूत मान्यतामा रहेर उलारको शीर्षकीकरण र पात्रीय नामकरणमा के कस्तो ध्वन्यार्थ छ त्यसको निरूपण गरिएको छ।

**उपन्यासको शीर्षकीकरण र प्रभुत्वका सन्दर्भमा ध्वनि**

उपन्यासकार नयनराज पाण्डेले 'उलार' मा दुई भिन्न समूहका पात्रहरूको सहभागिता देखाई तिनका कार्यव्यापारबाट व्यञ्जना अर्थको सिर्जना गराएका छन् । उपन्यासमा समाजमा आफ्नो पकड राख्न सफल भएका नेता, कार्यकर्ता, प्रहरी प्रशासनका मान्छे एवम् लेखकको प्रतिनिधित्व एकातिर गराइएको छ भने अर्कातिर दैनिक न्यून आयस्रोत भएका मजदुर एवम् देह व्यापार गर्न विवश महिलाहरू छन् । अर्थात् यसो भनौ एकातिर प्रभुत्वशाली समूहको वर्चस्व छ भने अर्कोतिर जीवनमा निरीह बनेको विवशतामा बाँच्न बाध्य भएको समूहको उपस्थित छ । प्रभुत्वशाली समूहका व्यवहार क्रियाकलाप कहीँ कतै पनि प्रभुत्वहीन समूहका लागि मैत्रीपूर्ण हुन सकेका छैनन् । आख्यान सन्दर्भबाट यो कुराको पुष्टि गर्दा आख्यानको मुख्य पात्र प्रेमललवा आठ वर्ष मै आमा बुबा भरी टुहुरो हुन्छ । उसको बुबाको ट्रकले किचेर मृत्यु भएको हुन्छ भने आमा दमले मरेकी हुन्छे। स्थानीय नेता राजेन्द्रराजले प्रेमललवालाई क्षतिपूर्ति दिलाउने नाममा आठ हजार आफूले खाई आठ हजार मात्र उसलाई दिन्छन्। राजेन्द्रराजका यस्ता क्रियाकलापलाई प्रेमललवा बुझ्न सक्तैन। अरूले राजेन्द्रराजले पैसा खाएको हल्ला चलाउँदा पन पत्यार गर्दैन । आफूलाई आड भरौसा दिने, एवम् आफ्नो आत्मीय अभिभावकका रूपमा उसले राजेन्द्रराजलाई विश्वास गरेको हुन्छ । आफू बिरामी परी आर्थिक सङ्कट पर्दा पनि ऊ राजेन्द्रराज कहाँ पुग्छ। राजेन्द्र उसलाई जग्गा बेच्ने सल्लाह दिन्छन् । यो उसको पुर्ख्यौली जग्गा हुन्छ । सडक किनारामा रहेकाले यो जग्गा किम्मती मानिएको छ। जग्गा बेच्ने क्रममा राजेन्द्रराजले उसलाई ९० हजारको कागजमा ल्याप्चे गराएका छन्। तर उसको हातमा ३० हजार मात्र रकम परेको छ। उसले बाँकी रकम कता गयो त्यो पनि बुझ्न सकेको छैन। यसरी राजेन्द्रराजले प्रेमललवा जस्तो टुहुरो, सोझो, अपठित एवम् अपरिपक्व, सीमान्तकृत युवकलाई सहयोग गरेजस्तो गरेर, उसको कमजोरीको फाइदा उठाएका छन् । उपन्यासको अन्त्यतिर प्रेमललवा राजेन्द्रराजका यस्ता क्रियाकलाप पनि जागरूक भइसक्ता पनि उनी स्पष्ट रूपमै 'फोकटको राजनीति कहाँ हुन्छ' भन्दै उसबाट पुनः ठूलो रकम असुल्न पछि परेका छैनन्। यसरी उपन्यासको प्रमुख पात्र प्रेमललवा नेताको भूमिकामा रहेका प्रमुख खलपात्र राजेन्द्रराजका गैरजिम्मेवार व्यवहार एवम् क्रियाकलापले पीडा झेल्न विवश भएको, सङ्कटपूर्ण अवस्थाबाट गुज्रिरहेको देखाइएको छ।

उपन्यासमा चुनाव जिती मन्त्री स्तरको पदमा पुगेका सहायक पात्र शान्तिराजाको प्रतिनिधित्व गराई उनका व्यवहार एवम् क्रियाकलापबाट पनि प्रेमललवा पीडित बनेको देखाइएको छ । शान्तिराजाको विजयी जुलुसमा उसको टाँगाको उपयोग गरिन्छ। मानिसहरूको भार खेप्न नसकी उसको घोडा मर्दछ र उसको जीविका नै सङ्कटमा पर्दछ । क्षतिपूर्तिका लागि शान्तिराजाले उसलाई झुटा आश्वासन दिँदै काठमाडौं आउन भन्छन्। ऊ काठमाडौँ आई यहाँ मन्त्री क्वाटरदेखि सिंहरदबार एवम् पार्टी अफिसदेखि बालुवाटार जताततै भौतिरिन्छ। तर उसले केही प्राप्त गर्न सक्तैन बरू आफूसँग भएको पैसा पनि गुमाई निराश भई ऊ घर फर्किन बाध्य हुन्छ । यसरी राज्यसञ्चालनको जिम्मेवारीमा रहेका शान्तिराजाले आफू जिम्मेवार बनी उसलाई पूर्ण सहयोग गर्नुपर्नेमा झुटा आश्वासन मात्र दिई उसलाई पीडा मात्र दिएका छन्, नोक्सानी गराएका छन्।

यसै क्रममा काठमाडौंमा भेट भएका संवेदनाले आफूलाई छुने एवम् आफू लेखक भएको बताउने निराकारले उसलाई सहयोग गरिदिने आश्वासन दिँदै उसबाट क्रमशः १०, २० र ३० रूपियाँ गरी जम्मा ८० रूपियाँ मागी उक्त पैसाले रक्सी खाई बेपत्ता भइदिएका छन्। यसरी प्रतिष्ठाबाट समाजमा आफ्नो वर्चस्व स्थापित गरेका लेखकको प्रतिनिधि पात्रबाट पनि प्रेमललवा ठगिएको छ र मारमा परेको छ।

उपन्यासकी अर्को पात्र द्रौपदी जो देह व्यापार गरी आफ्नो जीविका गर्न विवश छे उसले खेपेको दुःख पनि यहाँ सान्दर्भित हुन आउँछ। द्रौपदी बदिनी समुदायकी महिला हो । जीवन निर्वाहका अन्य कुनै विकल्प नहुँदा पुर्ख्यौली रूपमै ऊ यो पेसा अपनाउन बाध्य छे। यसैबाट उसले आफ्नी रोगी आमा, बूढो बाबु र छोरीलाई पाल्दछे। उसको यस्तो दयनीय स्थितिमा पनि असइ विष्णु आफ्नो प्रशासकीय पदको दुरूपयोग गर्दै डर धम्कीका आडमा पैसा नै नतिरी उसबाट यौन सन्तुष्टि लिन्छ।

उपन्यासको नामकरण र प्रस्तुत विमर्शलाई सम्बन्धित तुल्याउँदा प्रभुत्वशाली समूहबाट सिर्जित राजनैतिक दुष्चक्रको भारलाई प्रभुत्वहीन/अधीनस्थ समुदायले उठाउन सकिरहेको छैन, यी दुवैबीच असन्तुलनको स्थिति पैदा भएको छ, प्रेमललवाको घोडाले प्रभुत्वशाली समूहका मानिसको भारलाई खेप्न नसकी मरेजस्तै दोस्रो समुदाय पनि प्रभावशालीहरूको प्रभुत्वका कारण असमयमै मर्न पुगिरहेको छ भन्ने गूढार्थ यहाँ व्यञ्जित भएको प्रतीत हुन्छ । उपन्यासमा भार खेप्न नसकी घोडा मर्नुको व्यञ्जनाबाट समकालीन समाजमा निरीह बनाइएका नेपाली जनता पनि पीडा र दुःखमा अभिशप्त भई बाँचिरहेका छन् भन्ने कटु यथार्थलाई उपन्यासकारले यसको नामकरण 'उलार' बाटै व्यञ्जित गराउन खोजेको आभास हुन्छ। यहाँ 'उलार' टाँगाको वाच्यार्थभन्दा माथि उठी समग्र देशको असन्तुलनको बिम्बमा रूपायित भई ध्वन्यार्थक बनेको छ।

**उपन्यासको शीर्षकीकरण र अर्थव्यवस्थाका सन्दर्भमा उत्पन्न ध्वनि**

उपन्यासको नामकरण देशको अर्थव्यवस्थामा भइरहेको सङ्क्रमण एवम् परिवर्तनलाई द्योतन गर्न सफल भएको छ । उपन्यासमा मुख्य पात्र प्रेमललवाको जीविकाको एक मात्र साधन टाँगा उलार भएको छ । बढी भार खेप्न नसकी उसको घोडा मरेको छ । फलतः जीविकाको मूल आधार नै चौपट हुँदा प्रेमललवाको जीवन सङ्कटग्रस्त बनेको छ। उपन्यासको यस कथ्य सन्दर्भबाट यहाँ समाजको अर्थव्यवस्थामा आइरहेको परिवर्तनलाई सूचित गरेको आभास हुन्छ। मुख्यपात्र प्रेमललवाको घोडा मर्नु र टाँगा चलाउने काम अवरूद्ध हुनुले सामन्तवादी अर्थव्यवस्थामा विस्तार विस्तारै सङ्क्रमण आइरहेको र यसको ठाउँमा पुँजीवादी अर्थव्यवस्थाको स्थानान्तरणको आभास मिल्छ। टाँगा सामन्तवादी अर्थव्यवस्थाको द्योतक हो भने त्यसका ठाउँमा अन्य सवारीका साधन विकसित हुनु पुँजीवादतिरको सङ्क्रमण मान्न सकिन्छ। यसरी यहाँ सामन्तवादी अर्थव्यवस्थाको द्योतक टाँगा उलार भएको एवम् उक्त सवारी साधन चल्न सङ्कट आएको देखिनाले प्रस्तुत नामकरणबाट देशको अर्थव्यवस्था सङ्कटग्रस्त छ त्यसलाई उचित विकल्प दिनुपर्छ भन्ने गूढार्थको प्रक्षेपण यहाँ भएको छ। यस्तो गूढ किसिमको अर्थ सौन्दर्यले उपन्यासको नामकरण ध्वन्यात्मक बन्न पुगेको छ।

**उपन्यासको शीर्षकीकरणमा ध्वनि प्रकारको निरूपण**

प्रस्तुत उपन्यासको शीर्षक 'उलार' राखिएको छ । 'उलार' को वाच्यार्थ टाँगाको पछिल्तिरको भागमा बोझ बढी भई सन्तुलन बिग्रनु भन्ने हुन्छ। उपन्यास उलार हुने सन्दर्भ यसरी आएको छ, नेता शान्तिराजाले चुनाव जित्छन्। उनको यस जितको उत्सव मनाइन्छ। यसका लागि प्रेमललवाको टाँगाको उपयोग गरिन्छ। पाँच सात जना अट्ने उसको टाँगामा १६–१७ जना भन्दा बढी चढिन्छिन् । दिउँसो राम्ररी खुदी खान नपाएको एवम् घाउबाट 'मवाद' बगिरहेको घोडाले यत्रो भार थेग्न सक्तैन। टाँगा उलार हुन्छ। घोडा पछारिन्छ र अचेत हुन्छ। औषधोपचारका क्रममा नै घोडाको मृत्यु हुन्छ । फलतः घोडा र टाँगाको भरमा जीवित निर्वाह गरिरहेको मजदुर प्रेमललवाको जीवन सङ्कटग्रस्त हुन्छ । यसरी मुख्य पात्रको टाँगा उलार भई उसको जीवन नै सङ्कटापन्न हुनुपुगेको सन्दर्भले उपन्यासको नामकरण 'उलार' रहनु वाच्यार्थका दृष्टिले सान्दर्भिक देखिन्छ तर त्यसभन्दा पनि बढी यहाँ 'उलार' ध्वन्यार्थका रूपमा आई प्रतीयमान अर्थ प्रदान गर्न सफल भएको छ। 'उलार' पदबाट उक्त वाच्यार्थका साथै वाच्यार्थको बोधपछि शक्तिशालीवर्गले राज गरिरहेको देखिनु, देशको अर्थव्यवस्था नाजुक रहनु फलतः गरिब निमुखा जनता दुःखमा पिल्सिरहेको देखिनु तथा भार खप्न नसकेर घोडा मर्नुको बिम्बबाट प्रभुत्वशाली वर्गका व्यवहार क्रियाकलालाई सीमान्तकृत जनताले सहन गर्न नसक्नु, अप्ठ्यारोमा पर्नु, उनीहरू राम्रोसँग बाँच्न नै नसक्नुबाट व्यञ्जनार्थ प्रवाहित भएको छ। अर्थात् समग्र देश असन्तुलनमा रहेको व्यङ्ग्यार्थबोध गरिएको छ । यहाँ वाच्यार्थभन्दा व्यङ्ग्यार्थ नै चमत्कारी भएकाले यो नामकरण व्यञ्जनाधर्मी छ। यस्तो किसिमको बहुलअर्थको सिर्जनाबाट व्यङ्ग्य प्रधान देखिनाले यो उपन्यास ध्वन्यात्मक भएको सिद्ध हुन्छ। ध्वनि सिद्धान्त अनुसार वाच्यार्थपछि व्यङ्ग्यार्थबोध भएमा विवक्षितान्यपरवाच्य अर्थात अभिधामूल ध्वनि हुन्छ। उपन्यासको नाम 'उलार' ले तत् वस्तुको व्यञ्जना गरेकाले उक्त पदबाट वस्तु ध्वनि व्यञ्जित भएको छ। ध्वनिकाव्य अन्तर्गत यो संलक्ष्यक्रम व्यङ्ग्य ध्वनि हो। ध्वन्यार्थ प्रधान भएकाले यसलाई उत्तम कोटिमा राख्न सकिन्छ।

**उपन्यासको पात्रीय नामकरणमा ध्वनि र त्यसको प्रकार निरूपण**

प्रस्तुत उपन्यासमा प्रयुक्त भएका पात्रहरू क्रमशः प्रेमललवा, राजेन्द्रराज शान्तिराजा, कलुवा, द्रौपदी, सावित्री, विष्णु असइ, निराकार प्रसाद, शिलाबाबु र बुढो हुन् । यी पात्रहरूको नामकरण र यिनले उपन्यासमा गरेको कार्य व्यापारबाट कस्तो किसिमको ध्वन्यार्थको सिर्जना भएको छ त्यसको निरूपण यस उपशीर्षकमा गरिएको छ।

***प्रेमललवा***

प्रेमललवा 'उलार' उपन्यासको प्रमुख पात्र हो । उसको खास नाम प्रेमलाल देखिन्छ। उसको नाममा आएका प्रेम शब्दले प्यारो र लाल शब्दले पुत्र भन्ने जनाउँछन्। यसरी उसको नामकरणबाट हेर्दा ऊ प्रेममा पालिएको पुत्र भन्ने अर्थ निस्कन्छ। व्याकरणिक हिसाबले यस्तो अभिधेय अर्थ प्रस्तुत भए पनि उपन्यासमा चित्रित उसको जीवन कहानीबाट यो अर्थ उपयुक्त देखिँदैन तसर्थ उसको जीवनकहानीको अध्ययनबाट ध्वन्यार्थ के कसरी प्रवाहित भएको छ त्यसको खोजी गरी ध्वनिप्रकारको निरूपण गरिनु उपयुक्त हुन्छ । उसको जीवन कहानी यस्तो छ :

आठ वर्षको उमेरमा ट्रकले किचेर उसका बाबुको मृत्यु हुन्छ भने त्यही साल दमले गर्दा आमाको पनि मृत्यु हुन्छ। त्यसपछि ऊ जीवनमा एक्लो हुन्छ। उसले कसैबाट माया पाउन सक्तैन । उसलाई आड भरोसा दिने नेता र राजेन्द्रराजको व्यवहार पनि छली स्वार्थी र धोखापूर्ण हुन्छ। ऊ टाँगा चलाउँछ तर धेरै जनाको भार खेप्न नसकी बिरामी घोडा मर्दछ। यसबाट उसको जीविका सङ्टमा पर्दछ। घोडा मर्दा आफू स्वयम् नै मरेको अनुभूति उसलाई हुन्छ । ऊ चारैतिर अँध्यारो देख्छ, रुन्छ कराउँछ र घोडाको क्षतिपूर्तिका लागि चारैतिर भौतारिन्छ। ऊ राजेन्द्र राज हुँदै शान्तिराजा एवम् काठमाडौं मन्त्री क्वाटर, सिंहदरबार र पार्टी अफिस जतातत्तै पुग्दछ। आखिरमा निराश हुँदै ऊ घर फर्कन्छ। घर पनि हुरीले भत्काइसकेको एवम् टाँगा चोरी भइसकेकाले उसको बेहाल हुन्छ। यसरी एक टुहुरो निम्न वर्गीय मजदुरका जीवनमा एकपछि अर्को दुष्चक्रहरू मात्र आइरहन्छन्। प्रेम स्नेह उसका लागि टाढाका चिज हुन्छन्।

अतः जीवनमा जुन मानिसले माया, प्रेम प्राप्त गर्न सकिरहेको छैन त्यसको नाम नै प्रेमलाल छ। उपन्यासको यस किसिमको पात्रीय विधानले अभिधाको तहमा प्रेमपूर्वक पालिएको बच्चा(लाल) प्रेमलाल नभई व्यञ्जनाको तहमा पुगी ध्वनिसौन्दर्य प्रदान गरेको छ। अर्थ सौन्दर्यको यस प्रक्रियामा पात्रको नामकरणमा वाच्यार्थ बाधित भई लक्ष्यार्थबाट व्यङ्ग्य अर्थ सिर्जना भएको छ । प्रेमलाल यस नामले अभिधार्थबाट बुझाउने सरल अर्थलाई त्यागगरी त्यसका विपरीत प्रेम, स्नेह, अधिकार, उत्तरदायित्वबाट बन्चित हुन पुगेको एक सीमान्तकृत वर्गको प्रतिनिधि पात्रको जीवनदशा चित्रित गरिएको छ। जहाँ भोक, अभाव, अशान्ति एवम् तनावबाट सिर्जित अवस्था छ, यहाँ उसको जीवनमा स्नेह, सदभाव, माया भन्ने चिजहरू अभावका पर्याय बनेका छन् तसर्थ ध्वनिप्रकारको निरूपणमा यस्तो किसिमको नामकरणमा अभिधेयार्थ बाधक बनी लक्ष्यार्थ सक्रिय भई ध्वन्यार्थ प्रकट भएको छ। यस्तो किसिमको अर्थ सौन्दर्य लक्षणामूलध्वनिको अविवक्षित वाच्यलक्षणा अन्तरगत अत्यन्ततिरस्कृतवाच्य ध्वनि भएको पुष्टि हुन्छ। नामकरणमा रहेको अर्थले आफ्नो नामको ठीक विपरीत अर्थ प्रवाहित गरेकाले अत्यन्ततिरस्कृत वाच्यध्वनि भएको प्रमाणित हुन्छ।

***राजेन्द्रराज***

राजेन्द्रराज उपन्यासका प्रमुख खल पात्र हुन् । 'राजेन्द्रराज' यस नामलाई अभिधेय अर्थमा अर्थ्याउँदा यसरी भन्न सकिन्छ : श्रेष्ठ राजा जसले आफ्नो दायित्व उचित किसिमले निर्वाह गर्न सक्छ। यसरी व्याकरणिक दृष्टिबाट 'राजेन्द्रराज' को यस्तो यस्तो अभिधेय अर्थ निस्केपनि उपन्यासमा उनको भूमिका र निर्वहन गरेको कार्यव्यापारलाई हेर्दा उनले आफ्नो नामको ठीक विपरीत कार्य गरेका छन्, नाम अनुसारको कार्यमा उपयुक्तता नदेखिँदा ध्वन्यात्मकताले प्रश्रय पाउँछ र अर्थ चमत्कारको स्थिति बन्दछ। अतः उनको नामकरणमा रहेको ध्वनि सौन्दर्य के कसरी उत्पन्न भएको छ त्यसको खोजी गरी ध्वनिप्रकारको निरूपण गरिनु उपयुक्त हुन्छ।

प्रस्तुत उपन्यासमा राजेन्द्रराज गरेका पात्र स्थानीय नेताका रूपमा रहेका छन् तर नेता भए पनि जुन दायित्व निर्वाह गर्नुपर्ने हो त्यसमा उनी उत्तरदायी देखिँदैनन्। आफ्नो दायित्व विपरीत उनी प्रेमललवा जस्ता सोझा, अपठित एवम् सहारा विहीन मानिसलाई सहयोग गरे जस्तो गरेर तिनीहरूबाट उल्टै पैसा असुल गरिरहेका छन्। उनले प्रेमललवाको कमजोरीको

फाइदा उठाएका छन् । उनी प्रेमललवालाई आर्थिक सङ्कट पर्दा उसलाई जग्गा बेच्ने सल्लाह दिन्छन्, ९० हजारमा कागज गराउँछन् भने ३० हजार मात्र उसको हातमा पार्छन् । यसरी पटक पटक उनले प्रेमललवाको जग्गा बेचिएको ठूलो रकम हात पारेका छन् । अन्त्यमा प्रेमललवा जब उनका यस्ता क्रियाकलापलाई बुझ्दछ तब उनी स्पष्ट रूपमै भन्दछन्, “फोकट को राजनीति कहाँ हुन्छ (पृ. ८३)” । यसरी उपन्यासमा उनको नामकरण र उनको व्यवहार एवम् दायित्वकाबीच परस्पर वैपरीत्य सिर्जना भई ध्वनि सौन्दर्य उत्पन्न भएको छ । उपन्यासकारले समकालीन राजनीतिक व्यवहार एवम् क्रियाकलापलाई कलात्मक रूपमा उद्घाटन गर्न सचेत रूपमा नै पात्रको नामकरण र उसको चरित्रमा यस्तो विरोधाभास देखाएका हुन भन्न सकिन्छ । त्यसकारण अर्थ सौन्दर्यको यस प्रक्रियामा ‘राजेन्दराज’ यस नामकरणमा वाच्यार्थ बाधित भई व्यङ्ग्य अर्थ उत्पन्न भएको छ । व्याकरणिक रूपमा सोझो तहमा नाम सार्थक छैन बरु लक्षणाको तहबाट अर्थ सङ्केत भई व्यञ्जनार्थ व्यञ्जित छ ।

अतः नामकरणमा रहेको व्याकरणिक अर्थ श्रेष्ठ राजाका ठीक विपरीत पात्रमा अश्रेष्ठता, ठगी, धोका, बदमासी एवम् गैर राजनीतिक व्यक्तित्व देखिनाले यहाँ मान्यार्थ बाधित, तिरस्कृत र निषेधित बनी लक्षणामूलाध्वनिको अविवक्षितवाच्य अन्तरगर्त अत्यन्ततिरस्कृतवाच्य ध्वनि भएको प्रमाणित हुन्छ ।

### *शान्तिराजा*

उपन्यासका अर्का सहायक पात्र शान्तिराजा हुन् । उनको नामलाई व्याकरणिक दृष्टिबाट अर्थात् अभिधेय अर्थबाट अर्थ्याउँदा यसरी अर्थ गर्न सकिन्छ : शान्ति कायम गर्न सक्षम छन् जुन राजा शान्तिराजा व्याकरणिक एवम् अभिधेयबाट यस्तो अर्थ निस्किए पनि उनको व्यवहार क्रियाकलाप यस अनुरूपको देखिँदैन । अतः उनको नामकरणबाट उपन्यासकारले के कस्तो ध्वनि सौन्दर्यको सृष्टि गरेका छन् त्यसको निरूपण गर्नु उपयुक्त हुन्छ ।

शान्तिराजा पैसाको चलखेल गरी चुनाव जित्छन् । उनको चुनावी उत्सवमा प्रेमललवाको टाँगाको उपयोग गरिन्छ । धेरै मानिस चढिदिएर उसको घोडा एवम् टाँगालाई हानि हुन्छ । फलतः प्रेमललवाको जीवन सङ्टमय हुन्छ । उसलाई क्षतिपूर्तिको आश्वासन देखाई नेपालगन्जबाट काठमाडौंमा बोलाइन्छ । काठमाडौंमा सिंहदरबार मन्त्री क्वार्टर, पार्टी अफिस जहीँ तहीँ भौतारिन बाध्य पारिन्छ । अन्त्यमा केही पनि प्राप्ति नगरी निराश भई ऊ घर फर्किन बाध्य हुन्छ । यसरी उपन्यासमा उनको कारणबाट अशान्ति एवम् सङ्टको सिर्जना भएको छ । उनकै कारणबाट उपन्यासको मुख्य पात्रको जीवनमा सङ्कट आई उसको जीवन प्रशस्त पीडामय बनेको छ । नाम शान्तिराजा एवम् पदीय दायित्वले मन्त्रीको कार्यभार सम्हालेका भए पनि उनका कारण उपन्यासमा जनताले अनाहकमा दुःख पीडा र सङ्कष्ट पाएको देखिएको छ ।

यसरी शान्ति राजाको नामकरण र तद्अनुरूपको उनको क्रियाकलाप र व्यवहारमा समाञ्जस्य देखिँदैन । शान्तिराजा नामकरणको सोझो अर्थ त शान्ति कायम गर्न सक्षम राजा भन्ने हुन्छ, यस्तो सरल अर्थ अनुसार चरित्रको प्रवाह नहुनु त्यसका विपरीत अशाान्ति, खलल, असक्षमताको पर्याय बन्नुले पात्रीय विधानमा व्यङ्ग्यार्थको सिर्जना हुन पुगेको छ । अतः अर्थ सौन्दर्यको यस प्रक्रियामा ‘शान्तिराजा’ यस नामकरणमा वाच्यार्थ बाधित भई व्यङ्ग्य अर्थ उत्पन्न भएको छ र यस्तो व्यङ्ग्यार्थ लक्षणामूला /अविवाक्षितवाच्य अन्तर्गत अत्यन्ततिरस्कृतवाच्य ध्वनि भएको पुष्टि हुन्छ । यहाँ पात्रको चरित्र नामकरणको ठीक विपरीत छ जसले गर्दा नामसँगको साम्यअर्थलाई उसको चरित्रबाट बाधित गरी अन्यन्ततिरस्कृत पारिएको छ ।

### *कलुवा*

कलुवा ‘उलार’ उपन्यासको सहायक पात्र हो । ऊ पनि उपन्यासको प्रमुख पात्र प्रेमललवा जस्तै एक मजदुर पात्र हो । ‘कलुवा’ उसको यस नामको अभिधेय अर्थ कालो भन्ने हुन्छ । नामकरणबाट सोझो रूपमा यस्तो अर्थमा निस्किए पनि उसको समग्र चारित्रिक विशेषता हेर्दा उसको नाम र व्यवहारमा पनि वैपरीत्य देखिन्छ । उसको नामकरण र कार्यभूमिकाबाट के कस्तो सौन्दर्यको सिर्जना भएको छ त्यसको निरूपण यहाँ गरिएको छ ।

आर्थिक रूपले आफू एकदमै दयनीय भए पनि उपन्यासको मुख्य पात्र प्रेमललवालाई उसले निस्वार्थ भई सहयोग गरेको छ । प्रेमललवालाई आर्थिक सङ्ट पर्दा उसले आफूसँग भएको थोरै रकम दिएर भए पनि सहयोग गरेको छ । त्यसैगरी प्रेमललवाको दुःख सुखमा सुरुदेखि

अन्त्यसम्म उसले सहयोगीका रूपमा रही अनुकूल चरित्रको प्रदर्शन गरेको छ। यसरी उसको नाम कलुवा (कालो) भए पनि व्यवहार भने निष्कपट र निश्छल पाइएको छ।

अतः उपन्यासकारले उसको नामकरण र व्यवहारका बिच विरोध सिर्जना गरी अर्थ चमत्कारको स्थिति पैदा गर्न यस्तो नामकरणको उपयोग गरेका हुन् भन्ने कुरा पुष्टि हुन्छ । प्रस्तुत नामकरणमा कलुवाको सोभ्रो अर्थ कालो बाधित भएको छ बरु ऊ त मनको उज्यालो छ, दिलको सफा छ, निष्कपट छ, निस्वार्थी छ । यसरी वाच्यार्थ बाधित बनी लक्ष्य अर्थले प्रधानता पाएको छ, नाम र काममा वैपरीत्य देखाई मूलअर्थको अत्यन्त तिरस्कृत गरेको पाइनाले यहाँ लक्षणामूला /अविवाक्षितवाच्य अन्तर्गत अत्यन्ततिरस्कृतवाच्य ध्वनिलाई प्रश्रय मिलेको कुरा सिद्ध हुन्छ।

### द्रौपदी

द्रौपदी उपन्यासकी प्रमुख सहायक पात्र हो। उसको नाम पौराणिक पात्र द्रौपदीसँग साम्य छ । पौराणिक पात्र द्रौपदीका पाँचवटा पति थिए । यो एउटा भवितव्य थियो, नियतिको परिचक्र थियो । जेसुकै भएपनि द्रौपदी पाँचपाण्डवकी श्रीमती थिइन्, यो कुरा समाजकालागि अपाच्य थिएन, ग्राह्य थियो फलतः उनलाई पञ्चकन्याको रूपमा सम्मान प्राप्त थियो । प्रस्तुत उपन्यासकी द्रौपदी बाध्यताका रूपमा, पुख्र्यौली पेसाका रूपमा देह व्यापार अँगालेकी छ परिणाम स्वरूप बहुपुरुषसँग भोग गर्न विवश छ । अतः पौराणिक पात्रको बहुपतिको बिम्बलाई उसको नामकरणसँग तालमेल गराउन खोजिएको छ। यहाँ उपन्यासमा भएको अभिव्यक्ति सान्दर्भिक हुन आउँछ : "उसको नाम द्रौपदी नै किन राखियो भन्नेतिर उसले कहिल्यै विचार गरिन । वास्तवमा पहिला उसको नाम द्रौपदी थिएन, सीता थियो (पृ.२३) ।" फेरि थप भनाइ यसरी आएको छ : "आखिर नाममा के छ र [ मुख्य कुरो त काम नै हो। कामले ऊ रन्डी हो। वदिनी (पृ.२३) ।" तसर्थ बहुपति/बहुपुरुषसँगको भोग भन्ने अर्थबाट व्यङ्ग्यार्थको सिर्जना भएको छ । अभिधेय अर्थबाट पौराणिक द्रौपदी र अहिलेकी द्रौपदी समान होइनन् तसर्थ सिधा अर्थबाट हेर्दा यो सान्दर्भिक देखिँदैन्। बहुपति भन्ने लक्ष्यार्थबाट हेर्दा अर्थले सही सङ्गति भेट्छ र पात्रको नामकरणमा ध्वन्यार्थको सिर्जना हुन पुग्छ । अतः प्रस्तुत पात्रको नामकरणमा अभिधेय अर्थको बोध गरिसकेपछि बहुपति भन्ने व्यञ्जना अर्थ पनि सार्थक बनी अभिधामूला व्यञ्जना हुन खोजेपनि पौराणिक पात्र र उपन्यासकी पात्रको तुलना गर्दा सम्मान, समाजको ग्राह्यता र पति वरणको प्रक्रिया एवम् रीतिस्थिति र सभ्यताको क्रमलाई हेर्दा वर्तमान अवस्थामा यो अर्थ उपयुक्त ठहरिदैन्। यहाँ त मात्रै बहुपुरुषको बिम्बार्थले काम गरेको छ। बहुपतिको लक्ष्यार्थबाट ध्वनि प्रवाहित भएको छ। लक्ष्यार्थबाट चमत्कारिक अर्थ ग्रहण भई ध्वन्यार्थको सिर्जना भएकाले अविवक्षित वाच्य ध्वनि निरूपित हुन आउँछ। पौराणिक द्रौपदीको नामबाट अर्थमा केही सङ्क्रमण गराइएकाले अविवक्षितवाच्य ध्वनिअन्तर्गत अर्थान्तर सङ्क्रमित वाच्य ध्वनि रहेको पुष्टि हुन्छ।

### सावित्री

सावित्री प्रस्तुत उपन्यासकी अर्की नारी पात्र हो । उसको भूमिका औपन्यासिक कार्यव्यापारले गौण भएपनि अर्थ सौन्दर्यका दृष्टिले महत्त्वपूर्ण छ। यो नाम पनि पौराणिक पात्र सावित्रीसँग साम्य छ। पौराणिक पात्र सावित्री आफ्नो पतिभक्तिका कारण प्रसिद्ध छन् । आज पनि पतिभक्त अर्थात् पतिव्रता नारीलाई सावित्रीको संज्ञा दिइन्छ तर प्रस्तुत उपन्यासकी सावित्री पात्र आफ्नो जीवनयापनकालागि देह व्यापार गर्न बाध्य छ, यो उसको पुख्र्यौली पेसा हो, उसकालागि अर्थोपार्जनको मूलस्रोत नै यौनव्यवसाय बन्न पुगेको छ। अतः उसको नामकरण र उसको कार्यपद्धतिको सङ्गति मिलेको छैन फलतः उपन्यासमा अर्थ सौन्दर्यको सृष्टि भएको छ। अभिधेय अर्थबाट नामले सार्थकता पाउँदैन बरु लाक्षणिक अर्थले सुसङ्गति भेट्छ। तसर्थ यहाँ ध्वनिवादी सैद्धान्तिक दृष्टिबाट हेर्दा वाच्यार्थ निषेधित बनी व्यङ्ग्यार्थ प्रवाहित भएको छ र प्रतीयमान अर्थ शक्तिशाली भएको छ । यसरी पौराणिक पात्रको नामसँग साम्य नामकरण भएपनि वर्तमानकी नारी पात्रको सो अनुसारको भोगाइ, जीवनपद्धति नभएको देखाई अर्थलाई अत्यन्त तिरस्कृत गरी ध्वन्यार्थ प्रकट भएको छ । ध्वनिप्रकारको निरूपण गर्दा यस्तो किसिमको ध्वन्यार्थ अविवाक्षितवाच्य अर्थात् लक्षणामूल अन्तर्गत अत्यन्ततिरस्कृतवाच्य ध्वनि हुन आउँछ।

### विष्णु असइ

विष्णु असइ भन्ने अर्को पुरुष पात्र छ। विष्णु, यो पनि पौराणिक नाम हो। भगवान विष्णुलाई यस नामबाट

पुकारिन्छ । सृष्टिको क्रममा उनलाई सृष्टिको पालन पोषणकर्ताको भूमिका दिइएको कुरा पौराणिक व्याख्याबाट ज्ञात हुन्छ। तर उपन्यासमा विष्णु असइ प्रहरी प्रशासनको प्रतिनिधित्व गर्ने पात्रका रूपमा उपस्थापन गरिएको छ । जीवन निर्वाहका लागि अन्य कुनै मार्ग नहुँदा यौन पेसा अँगाल्न बाध्य बनेकी द्रौपदीकहाँ गई आफ्नो धाक रवाफ एवम् डर धम्की देखाई फोकटमा उसबाट यौन तुष्टि लिन्छ। सीमान्तीकृत वर्गलाई शोषण पीडन दिनमा प्रहरी प्रशासनका मान्छे पनि कम छैनन् भन्ने देखाउन उपन्यासमा विष्णु असइजस्तो प्रहरी प्रशासनको पात्रको उपस्थिति गराइएको छ। औपन्यासिक कार्यव्यापारका दृष्टिले उपन्यासमा उसको भूमिका गौण छ तर अर्थसौन्दर्यका दृष्टिले भने महत्त्वको छ । उसको नामकरण र व्यवहारकाबिच वैपरीत्यको सिर्जना भएको छ। यहाँ विष्णुको पौराणिक अर्थले काम गरेको छैन्। विष्णुको पौराणिक अर्थ रक्षकलाई यहाँ भक्षकमा परिणत गरिएको छ। जनताको जिउ, धन, रहनसहन एवम् सुरथार्थको जिम्मेवारीमा रहेको व्यक्तिमा तत् अनुकूलको व्यवहार देखिदैन् बरु शक्तिको आडमा दमन, शोषण गरिरहेको चित्रण छ। फलतः उपन्यासमा नाम र कामकाबीच विपर्यासको स्थिति बनी 'विष्णु'शब्दको वाच्यार्थ पूरै निषेधित् भई अत्यन्त तिरस्कृत अर्थको सिर्जना गरिएका कारण लक्षिणामूलक ध्वन्यार्थ प्रकट भएको छ।

### *निराकार प्रसाद*

निराकार प्रसाद समस्त शब्द हो । यसलाई विग्रह गर्दा निराकारको प्रसाद भन्ने हुन्छ । निराकार शब्द ईश्वर, शून्य अर्थात जसको आकार छैन् त्यसलाई बुझाउन प्रयोग गरिन्छ । त्यस्तै प्रसाद शब्दले अनुग्रह, कृपा भन्ने बुझाउँछ । यसरी निराकार प्रसादको व्याकरणिक अर्थ ईश्वर/चैतन्य/प्रकाशको कृपा वा अनुग्रह भन्ने बुझाउँछ । तसर्थ प्रस्तुत नामको अभिधार्थ चैतन्यको प्रसाद अर्थात् ईश्वरकृपा भन्ने हुन आउँछ । उपन्यासका पात्र निराकार प्रसादको चरित्र र नामकरणकाबीच के कस्तो साम्य वैसम्य छ एवम् त्यसबाट ध्वन्यार्थको प्रवाह के कसरी भएको छ त्यसको विश्लेषण यहाँ सान्दर्भिक छ।

उपन्यासमा निराकार प्रसादको उपस्थिति लेखकका रूपमा गराइएको छ। कमन बेडमा सुतेको बखत काठमाडौंमा प्रेमललवाको उनीसँग भेट हुन्छ। उनले आफूलाई संवेदनाले छुने एवम् आफू लेखक भएको बताउँदै प्रेमललवालाई सहयोग गर्ने आश्वासन दिँदै उसबाट दश, बिस र पचास रुपियाँ माग्दै रक्सी खाई गायब भएका छन् । यसरी मुख्य पात्र प्रेमललवाको कमजोरीको फाइदा उठाउने व्यक्तित्त्वका रूपमा उनको चिनारी मिल्छ । उनले नेपाली समाजको बौद्धिक भनिने लेखक वर्गको प्रतिनिधित्व गरेका छन्।

वास्तवमा लेखकमा चैतन्यको केही अंश हुन्छ, प्रकाशका, ज्ञानका केही किरण अवश्य हुन्छन् तसर्थ लेखक अरु सामान्य मान्छेभन्दा बढी भावुक संवेदनशील र ज्ञानी हुन्छन् भन्ने मानिन्छ। प्रस्तुत पात्रले पनि भन्न त अफूलाई यस्तै कुरा बताएर प्रेमललवालाई ठगेका छन्। अतः उनको नामकरणबाट प्रवाहित हुने अर्थ र उनले आफूलाई चिनाएको पेसागत व्यावसायिक विशेषणबाट ध्वन्यार्थको सिर्जना भएको छ । नेतादेखि लेखकसम्म सबै शक्तिमा रहेका वर्ग गरिबमारा छन् भन्ने व्यञ्जनार्थको सिर्जना भएको छ।

निराकार प्रसाद यस नामकरणले सिधा ईश्वरको कृपा वा चैतन्यको कृपा भन्ने अर्थ प्रवाह नगरी आफूलाई देशका ठूला लेखक बताउने यस्ता पात्रमा शून्यता छ, संवेदनाको मात्रा रत्तीभर पनि छैन् अर्थात् ईश्वरीय रूपमा, प्रकाशको रूपमा, ज्ञानको रूपमा बुझिएको पूर्वीय दर्शनको व्याख्या अनुरूपको निराकार(शून्य) होइन् नकारात्मक अर्थ अभिव्यञ्जना गर्ने शून्यता, रित्तोपना, बोक्रेखोक्रेपन, बकम्फुस् भन्ने ध्वन्यार्थलाई प्रवाहित गरे को छ। बुद्धिजीवी भनिने वर्ग बकम्फुस् र खोक्रो छ भन्ने गहन अर्थ सौन्दर्य प्रस्तुत पात्रको नामकरणबाट प्रवाहित भएको छ । ध्वन्यार्थ लाक्षणिक किसिमले मूल शब्दको अर्थगुणलाई केहीमात्रामा आफूमा समाहित गर्दै प्रतियमान भएको छ त्यसैले यहाँ अविवक्षित वाच्य अन्तरगत अर्थान्तर सङ्क्रमितवाच्य ध्वनि भएको पुष्टि हुन्छ।

### *बुढो*

बुढो विशेषण शब्द हो तर यहाँ नामको रूपमा प्रयुक्त भएको छ। बुढोको अभिधेय अर्थ उमेरले परिपक्व अर्थात् जीवनको उत्तरार्ध अवस्थाको भन्ने बुझिन्छ। प्रस्तुत पात्र बुढो पनि उमेर, अवस्थाले बुढो नै छ। वाच्यार्थका दृष्टिले यो नाम सार्थक रहेको छ तर यहाँ वाच्यार्थपछि आउने व्यञ्जना अर्थले बढी भूमिका खेलेकाले ध्वन्यार्थ सिर्जना भएको छ। अतः त्यसको विश्लेषण यहाँ गरिएको छ।

प्रेमललवासँग संवादका क्रममा उपन्यासमा बुढाको उपस्थिति गराइएको छ । काठमाडौं पार्टी अफिसमा भेट भएको उसले नै प्रेमललवालाई मन्त्रीसँग भेट हुन नसक्ने बरु घर जानु नै उपयुक्त हुने सल्लाह दिएको छ। सात सालको क्रान्तिमा तिघ्रामा गोली लागेको, सत्र सालमा देश छाडेर भागेको, छत्तिस र छयालिस सालमा जेलमा मरणासन्न हुने गरी पिटिएको पात्रका रूपमा उपन्यासमा उसको परिचय पाइन्छ। सातसालदेखि लामो समयसम्म क्रान्तिमा उसको सहभागिता भए पनि राज्यबाट एवम् राजनैतिक दलहरूबाट ऊ उपेक्षित नै छ भन्ने देखाउन उसको चयन भएको छ। नेपालको जनआन्दोलन एवम् क्रान्तिमा सहभागी बनेका तर उपेक्षित नै रहेका अन्य नेपालीहरूको प्रतिनिधित्व 'बुढो' पात्रबाट भएको छ। उपन्यासको कार्यव्यापारका दृष्टिले बुढो गौण पात्रका रूपमा रहेपनि अर्थसौन्दर्यका दृष्टिले महत्त्वपूर्ण पात्र साबित भएको छ।

यहाँ देशकालागि बलिदान दिएको बुढो पुस्ता उपेक्षित बनेको, सहिदहरूप्रति होस् वा तिनका परिवारप्रति कसैको आस्था छैन् तिनीहरू तिरस्कृत अवस्थामा छन्, तिनको योगदानको मूल्याङ्कन हुन सकेको छैन् भन्ने ध्वन्यार्थ बुढो पात्रका माध्यमले निकै मार्मिक र प्रभावकारी किसिमले प्रवाहित भएको छ। ऐतिहासिक सन्दर्भलाई विषयका रूपमा प्रस्तुत गर्दै वाच्यार्थबोध पछि यस्तो किसिमको विचारको व्यञ्जना हुन पुगेकाले ध्वनिवादी दृष्टिबाट विश्लेषण गर्दा विवक्षितान्यपरवाच्य अन्तर्गत संलक्ष्यक्रम व्यङ्ग्यध्वनि निरूपित भएको प्रमाणित हुन्छ।

***शिलाबाबु***

शिलाबाबु सूच्य पात्रका रूपमा उपन्यासमा आएका छन् । शिलाबाबुको परिचय उपन्यासमा केन्द्रीय स्तरका सशक्त नेताका रूपमा गराएको छ। उनले राजेन्द्रराजसँगै मिली प्रेमललवाको जग्गाको ठूलो रकम हात पारेका छन् । सीमान्तीकृत वर्गको कमजोरीको फाइदा उठाई ठुलो रकम हात पार्नमा उनको सहभागिता देखिएको छ। औपन्यासिक कार्य व्यापारमा उनको स्थान गौण छ तर उनको नामकरण र उनले निर्वाह गरेको भूमिका हेर्दा अर्थगत असंगतिबाट ध्वन्यार्थको सिर्जना भएको छ । अतः यस्तो किसिमको असङ्गतिको विश्लेषण सान्दर्भिक ठहरिन्छ।

शिला शब्दको शाब्दिक अर्थ हुन्छ ढुङ्गा बाबु शब्द नेपालीमा आदर, सम्मान वा मायाको अर्थमा प्रयोग गरिन्छ । शिलाबाबु शब्द समस्त शब्दका रूपमा प्रयुक्त छ, यसको विग्रह शिलालाई प्रेम गर्ने बाबु वा शिलाजस्तै बाबु हुन्छ। प्रस्तुत नामको अर्थ र शिलाबाबुको चारित्रिक अर्थकाबीच तालमेल गर्दा के देखिन्छ भने उनी मानिस भएकाले शिलाजस्तै त हुन सक्तैनन् तर शिलाजस्तै कठोर अर्थात् असंवेदनशील हुन् भन्ने गुढार्थको प्रवाह हुन्छ। अतः ढुङ्गाजस्तै भावनाहीन, करुणाहीन, दयाहीन मानिस भन्ने व्यञ्जनार्थ व्यञ्जित भएको छ। ध्वनिसिद्धान्त अनुसार यस्तो किसिमको सङ्केतात्मक अर्थ अविवक्षितवाच्य अन्तर्गत अर्थान्तरसङ्क्रमित वाच्य ध्वनि हुन्छ किनभने 'शिला' पदले आफ्नो मूल अर्थगुणलाई सङ्क्रमण गर्दै ध्वन्यार्थको सिर्जना गरेको छ।

## निष्कर्ष

प्रस्तुत उपन्यासको नामकरण 'उलार' राखिनुले अभिधेय अर्थभन्दा ध्वन्यार्थलाई प्रधानता दिएको निष्कर्ष प्राप्त भएको छ । यहाँ 'उलार' शब्दले टाँगामा हुने उलारको वाच्यार्थ भन्दा माथिल्लो तहमा पुगी समग्र देशको असन्तुलनको अवस्थालाई व्यञ्जित गरेको छ। उपन्यासमा प्रभुत्वमा रहेका अर्थात् शक्तिमा रहेका एक थरी समूह र निरीह, शक्तिहीन बन्न पुगेको अर्को समूहको उपस्थितिद्वारा देशको समसामयिक कटु यथार्थको व्यञ्जना यसको शीर्षक 'उलार' बाटै व्यञ्जित गराइएको छ । त्यसैगरी सामन्तवादी अर्थव्यवस्थाको द्योतक टाँगा सङ्कटमा रहेको देखाई त्यसको विकल्प खोजिनु पर्ने व्यञ्जिनाद्वारा समग्र देशको अर्थतन्त्रलाई नयाँ किसिमले सोच्नुपर्ने अब त्यसको कायाकल्प गरिनुपर्ने गूढार्थमा 'उलार' नामकरण शक्तिशाली बन्न पुगेको छ । उपन्यासको नामकरणबाट प्रकट हुने ध्वन्यार्थका आधारमा यसलाई अभिधामूल ध्वनिअन्तर्गत संलक्ष्यक्रम व्यङ्ग्य ध्वनि हो भनी पहिचान गरिएको छ भने 'उलार' पद वस्तुमा आश्रित भई ध्वन्यार्थ सिर्जना गरेकाले वस्तु ध्वनि अन्तर्गत पर्ने तथ्य प्रमाणित गरिएको छ।

प्रस्तुत उपन्यासका पात्रहरूको नामकरण पनि ध्वन्यार्थ प्रधान रहेको छ। उपन्यासमा प्रयुक्त प्रेमललवा, राजेन्द्रराज शान्तिराजा, कलुवा, द्रौपदी, सावित्री, विष्णु असइ, निराकार

प्रसाद र शिलाबाबु नामहरूले आफ्नो वाच्यार्थलाई तिरस्कार गरी ध्वन्यार्थको सिर्जना गरेकाले लक्षणामूला/अविवक्षित वाच्य ध्वनि भएको सिद्ध गरिएको छ। यसरी पात्रको नामकरण र तिनका भोगाइ, व्यवहार एवम् क्रियाकलापकाबिच वैपरीत्य सम्बन्ध स्थापित भई गूढार्थको सिर्जना हुन पुगेकोले उपन्यास ध्वन्यार्थक बनेको निष्कर्ष निकालिएको छ।

ऐतिहासिक सन्दर्भलाई विषयवस्तुका रूपमा प्रस्तुत गर्दै बुढो पात्रका माध्यमबाट देशकालागि बलिदानी दिने बुढो, पुरानो पुस्ता होस् वा सहिदहरू हुन्, तिनीहरू तिरस्कृत अवस्थामा छन्, तिनीहरूको मूल्याङ्कन हुन सकेको छैन् भन्ने विचार व्यञ्जित भएकाले यसमा विवक्षितान्यपरवाच्य अन्तर्गत संलक्ष्यक्रमव्यङ्ग्यध्वनि रहेको निष्कर्ष निकालिएको छ।

उलार उपन्यासको शीर्षक र कथ्य सन्दर्भ एवम् यसका पात्रीय नामकरणको ढाँचा व्यञ्जनामय, गुढार्थमय अर्थात् ध्वन्यात्मक छ । यस्तो किसिमको प्रयुक्तिकला नै उपन्यासको शक्तिका रूपमा रहेको फलतः उपन्यास ध्वन्यार्थका दृष्टिले उत्तम रहेको निष्कर्ष निकालिएको छ । समकालीन राजनीति, अर्थततन्त्रको सन्दर्भलाई आधार बनाउँदै सीमान्त जनताको कथालाई सरल, संक्षिप्त तर निकै ध्वन्यार्थकासाथ प्रस्तुति दिनसक्नु नै उपन्यासको प्राप्ति हो भन्ने मुख्य निचोड हो।

**अध्ययनको सीमाङ्न**

उलार उपन्यासले वर्तमानको राजनीति र अर्थतन्त्रलाई समेट्दै सीमान्त जनको कथालाई प्रस्तुति दिएकाले यसले उत्तरआधुनिक अन्तर्गतका सवाल्टर्न अध्ययन, सांस्कृतिक अध्ययन, नव मार्क्सवाद, फुकोको आलोचनात्मक विमर्श आदि सिद्धान्तलाई पनि स्वतः आकर्षित गर्दछ तर पनि ती कुनैलाई पनि अध्ययन विश्लेषणको आधार बनाइएको छैन् । अतः ध्वनि सिद्धान्तका आधारमा मात्र उलार उपन्यासको शीर्षकीकरण र पात्रीय नामकरणमा ध्वनि एवम् ध्वनिप्रकारको निरूपण गर्नमा यो लेख सीमित तल्याइएको छ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०५६). *पूर्वीय समालोचना–सिद्धान्त* (छैटौं संस्क.). काठमाडौँ : साझा प्रकाशन।

आनन्दबर्धन (२०१९). (व्या. विश्वेश्वर). *ध्वन्यालोक.* (सम्पा. नगेन्द्र). वाराणसी : ज्ञानमण्डल लिमिटेड।

उपाध्याय, केशव प्रसाद (२०६१). *पूर्वीय साहित्य सिद्धान्त.* (चौथो संस्क.). ललितपुरः साझा प्रकाशन।

गडतौला, नारायणप्रसाद(२०७७). *पूर्वीय काव्यशास्त्रको प्रायोगिक पद्धति.* काठमाडौंः नेपाल प्रज्ञाप्रतिष्ठान

गौतम, तुलसी प्रसाद (२०७४). *संस्कृत काव्य सिद्धान्त.* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार।

जगन्नाथ(२०२०). *रस गङ्गाधर* (दोस्रो.सं.). वाराणसीः चौखम्बा विद्याभवन।

पाण्डे, नयनराज (२०६९). *उलार* (दोसो संस्क.). काठमाडौंः फाइनप्रिन्ट।

पौडेल, विष्णु प्रसाद (२०५७). *संस्कृत काव्यशास्त्र.* काठमाडौंः भुँडी पुराण प्रकाशन।

भट्टराई, गोविन्दप्रसाद (२०७७). *पूर्वीय काव्य सिद्धान्त.* (दोस्रो संस्क.). काठमाडौँ : नेपाल प्रज्ञा–पतिष्ठान।

मम्मट (२०१७). (व्या.विश्वेश्वर) *काव्यप्रकाश* (सम्पा.नगेन्द्र, दोस्रो सं.) वाराणसीः ज्ञानमण्डल लिमिटेट।

विश्वनाथ (२०२३). (अनु. अधिकारी. कोमलनाथ). *साहित्य दर्पण.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

शर्मा, मोहनराज र लुइटेल. खगेन्द्रप्रसाद (२०६१). *पूवीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, सोमनाथ (२०५८). *साहित्य प्रदीप.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

श्रेष्ठ, ईश्वरकुमार(२०५८). *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली* (तेस्रो संस्क.). काठमाडौँ : साझा प्रकाशन।